# २०८१ भदौ १३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | बहुक्षेत्रीय पोषण योजना सहायता कार्यक्रम तेस्रो चरण कार्यान्वयनका लागि युरोपियन युनियनबाट प्राप्त हुने २३ मिलियन युरो र युनिसेफबाट प्राविधिक सहायताको रूपमा प्राप्त हुने २ मिलियन युरो गरी जम्मा २५ मिलियन युरो (करिब ३ अर्ब ६७ करोड ४७ लाख) बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| २ | अर्थ मन्त्रालय | जर्मनी सरकारबाट Power Distribution Strengthening Program (PoDiSP) अन्तर्गत प्राप्त हुने १० मिलियन युरो (करीव रु.१ अर्ब ४६ करोड) अनुदान सहायता स्वीकार गर्ने। |
| ३ | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | ज्यान मार्ने उद्योग मुद्दाको पीडित विन्दवासिनी कंसकारको उपचारमा खर्च भएको रकममध्ये फैसलाबमोजिम मनासिब माफिक क्षतिपूर्ति रकम उपलब्ध गराउने र उक्त रकम प्रतिवादीबाट असुलउपर गरी पीडित राहत कोषमा सोधभर्ना गर्ने व्यवस्था मिलाउने। |
| ४ | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८१ भदौ २४ देखि २८ सम्म थाइल्याण्डको बैंङ्कमा आयोजना हुने Asian-African Legal Consultative Organization (AALCO) को ६२औं Annual Session मा सहभागिताका लागि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको भ्रमण स्वीकृत गर्ने। |
| ५ | गृह मन्त्रालय | सिंगापुरमा मिति २०८१ असोज ८ देखि १० सम्म हुने International Foundation for Electoral Systems को Cyber and Information Resilience Elections Network (CIREN) कार्यक्रममा सहभागी हुन माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियालाई स्वीकृति दिने। |
| ६ | गृह मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपालका देहायका सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरूलाई देहायबमोजिमको कार्यालयमा सरुवा गर्ने:<br>क) नारायणदत्त पौडेललाई सीमा सुरक्षा विभागबाट कार्य विभाग<br>ख) चन्द्र प्रकाश गौतमलाई मानवस्रोत विभागबाट सीमा सुरक्षा विभाग<br>ग) बंशी राज दाहाललाई कार्य विभागबाट मानवस्रोत विभाग |
| ७ | परराष्ट्र मन्त्रालय | सहसचिव श्री भरत खनाललाई नेपाली महावाणिज्यदूतावास, ग्वान्जाओको महावाणिज्यदूत पदमा, सहसचिव श्री झक्कप्रसाद आचार्यलाई नेपाली महावाणिज्यदूतावास, कोलकाताको महावाणिज्यदूत पदमा र सहसचिव श्री लक्ष्मीप्रसाद निरौलालाई नेपाली महावाणिज्यदूतावास, ल्हासाको महावाणिज्यदूत पदमा एक अवधिको लागि नियुक्त गर्ने। |
| ८ | रक्षा मन्त्रालय | राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको लागि अधिग्रहण गर्न बाँकी जग्गामा मुआब्जामा लाग्ने पुंजीगत लाभकर आर्थिक ऐन, २०८१ को दफा १८(१) बमोजिम छुट दिन स्वीकृति दिने। |

| | | |
|---|---|---|
| ९ | वन तथा वातावरण मन्त्रालय | पिपलटार देउडी सडक निर्माणको लागि नुवाकोट जिल्लाको विदुर नगरपालिकामा रहेको राष्ट्रिय वनको ५.१४२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १० | वन तथा वातावरण मन्त्रालय | भुम्लु गाउँपालिका काभ्रेपलाञ्चोकलाई गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि भुम्लु गाउँपालिकामा रहेको राष्ट्रिय वनको ०.३ हेक्टर जग्गा प्रयोग गर्न दिने। |
| ११ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | संखुवासभा जिल्लाको खाँदबारी नगरपालिकामा योगमाया आयुर्वेद विश्वविद्यालयको केन्द्रीय कार्यालय रहने स्थान तोक्ने। |
| १२ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | चलचित्र विकास बोर्डको रिक्त अध्यक्षमा श्री दिनेशराज दहाल (डि.सी.), लाई नियुक्त गर्ने। |
| १३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल सरकारले दूरसञ्चार सेवालाई नियमित गर्ने सम्बन्धमा दूरसञ्चार ऐन, २०५३ को दफा २० को अधिकार प्रयोग गरी एनसेल आजियाटा लिमिटेडको तेस्रो पटक अनुमतिपत्र नवीकरण गर्न नवीकरण दस्तुर प्रत्येक वर्ष रु. ५ अर्बका दरले ४ किस्तामा विभाजन गरी भुक्तानी गर्ने सुविधा दिने। एकै पटक नवीकरण दस्तुर नबुझाई किस्ता सुविधा लिएमा पहिलो किस्ता बाहेकको किस्ता भुक्तानी गर्दा बाँकी किस्ता बापतको जम्मा रकममा किस्ता भुक्तानी गरेको मितिसम्म वार्षिक १० प्रतिशतका दरले ब्याज र किस्ता रकमसमेत लिने। |
| १४ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | इन्डोनेसियाको जाकार्तामा २०८१ असोज १० मा सञ्चालन हुने 5th Ministerial Meeting तथा २०८१ असोज ८-९ सम्म सञ्चालन हुने 12th High-Level Officials Meeting मा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १५ | नेपाल सरकारका मुख्यसचिव श्री लीलादेवी गडतौला मिति २०८१/५/१५ देखि अनिवार्य अवकाश हुने हुँदा रिक्त हुने मुख्यसचिव पदमा मिति २०८१/५/१५ देखि लागु हुने गरी गृह मन्त्रालयका सचिव श्री एकनारायण अर्याललाई नियुक्त गर्ने। | |
| १६ | राष्ट्रिय योजना आयोगका सचिव डा. तोयनारायण ज्ञवालीले मिति २०८१/५/१४ देखि लाग हुने गरी दिनु भएको राजीनामा स्वीकृत गर्ने। | |
| १७ | कृषि तथा पशुपन्छी विकास मन्त्रालयको संगठन र दरबन्दी तेरिज स्वीकृत गर्ने। | |
| १८ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत आ.व. २०८१/८२ का लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने | |